कृपया प्रत्रोत्तर दिंदा प्राप्त प. सं. र च. नं. र मिति उल्लेख गरी पठाउनु होला ।

# नेपालगंज उप-महानगरपालिका कार्यालय

(......अ.प्र.शा.................. शाखा)

नेपालगञ्ज, बाँके

प्याक्स : ०८१-५२०३१६
: ०८१-५२०१५१
: ०८१-५२०३३८
: ०८१-५२२०१६

प.सं.०७१।०७२
च.नं. ९९८९

मिति:-२०७१।१०।२७

**विषय:- शटर भाडाको सूचना ।**

यस कार्यालयको स्वामीत्वमा रहेको बसपार्कका शटरहरु भाडामा संचालन गर्नु परेकोले तपसिलका शर्तका अधिनमा रहने गरी भाडामा लिन चाहने ईच्छुक महानुभावहरुलाई यो १५ पन्द्रह दिने सूचना प्रकाशित गरिएको छ । विस्तृत जानकारीका लागि कार्यालय समय भित्र सम्पर्क राख्न सक्नु हुनेछ ।

**तपसिल**

१. न्यूनतम मासिक भाडा निम्न अनुसार हुनेछ ।
क) प्रतिकोठा रु.४०००।-
२. सम्झौता अवधि प्रत्येक २ वर्षमा १०% बृद्धि हुने गरि ५ वर्षको हुनेछ ।
३. टेण्डर फारम दस्तुर प्रति शटर रु.५००।-(फिर्ता नहुने गरी तिरी) कार्यालयबाट उपलब्ध हुनेछ ।
४. न्यूनतम एक महिनाको भाडा रकम वरावरको टेण्डर साथ धरौटि ने.रा.बैंकको धरौटि खाताको हि.नं.२१०४७०२००१०३१५२४ मा जम्मा गरेको सक्कल भौचर र नेपाली नागरिकताको प्रतिलिपी टेण्डर साथ संलग्न राख्नु पर्नेछ ।
५. यस कार्यालयबाट उपलब्ध गराईएको टेण्डर फारमलाई मात्र मान्यता दिईनेछ ।
६. टेण्डर फारम स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
७. पसलमा अग्नी प्रदुषण, ध्वनी प्रदुषण र सडक आवागमनमा अवरोध गर्नेखालका पसल तथा सरिया, सिमेन्ट, मदिरा, सेकुवा जस्ता पसल राख्न पाईने छैन ।
८. शटर अगाडीको पेटिमा कुनै किसिमको मालसामान राख्न पाईने छैन ।
९. शटरको भाडा प्रत्यक चालु महिनाको १ गते बुझाउनु पर्नेछ । उक्त मितिमा दाखेल नगरेमा प्रति दिनको रु.१००।- का दरले जरिवाना बुझाउनु पर्नेछ । एक महिनाको अवधि सम्म जरिवाना र भाडा रकम नबुझाएमा राखेको धरौटि रकमबाट कट्टा गरि असुल उपर गरी कोठा कार्यालयले खाली गराउने छ ।
१०.बोलपत्र स्वीकृत भएका व्यक्तिले अरु कसैलाई हस्तान्तरण गर्न चाहेमा १ महीनाको भाडा रकम नामसारी वापत शुल्क तिरी बाँकी सम्झौता अवधिका लागि हस्तान्तरण गर्न पाउने छ ।
११. शटर खाली गर्ने सम्बन्धमा उ.म.न.पा.का.ले एक महिना अगावै र आफुले खाली गर्न चाहेमा एक महिना अगावै जानकारी गराउनु पर्ने र जानकारी नदिई खाली गराउन चाहेमा एक पक्षले अर्को पक्षलाई २ महिना वरावरको भाडा रकम क्षतिपूर्ति दिनुपर्नेछ ।
१२ .सम्झौता अवधि समाप्त भएपछि न.पा.ले तोकेको शर्त पालना गर्ने गरि म्याद थप गर्न वा हटाउन सक्नेछ ।
१३. टेण्डर स्वीकृत भैसके पछि कबुल अंकको ३ महिना वरावरको रकम उ.म.न.पा.काको धरौटी खातामा टेण्डर साथ राखेको धरौटि रकममा थप गरी राख्नुपर्ने र ३ महिनाको अग्रिम भाडा रकम बुझाएपछि संचालन गर्न पाईनेछ ।

विष्णु ... भुसाल
का... त

कृपया प्रत्रोत्तर दिंदा प्राप्त प. सं. र च. नं. र मिति उल्लेख गरी पठाउनु होला ।

# नेपालगंज उप-महानगरपालिका कार्यालय

(......५.गा.१.९................. शाखा)

नेपालगञ्ज, बाँके

फ्याक्स : ०८१-५२०३१६
: ०८१-५२०१५१
☎ : ०८१-५२०३३८
: ०८१-५२२०१६

१४.शटर कोठालाई तोडफोड गर्न नपाईने र गरेमा धरौटि रकमबाट कट्टा गरी निर्माण गरिने छ ।

१५. कोठा बुझिलिए अनुसार सम्झौता अवधि समाप्त भएपछि साविककै अवस्थामा कुनै हानी नभएको अवस्थामा बुझाए पछि धरौटि फिर्ता दिईनेछ ।

१६.आन्तरिक राजस्व कार्यालयलाई तिर्नु पर्ने वहाल कर भाडावालाले आन्तरिक राजस्व कार्यालयमा स्वयं बुझाउनु पर्नेछ ।

१७.टेण्डर स्वीकृत भैसके पछि स्वीकृती भएको जानकारी पत्र लेखेको ७ दिन भित्र धरौटि रकम र अग्रिम भाडा रकम बुझाई सम्झौता गर्नु पर्नेछ । म्याद भित्र सम्झौता गरी रकम बुझाउन नआएमा धरौटि जफत गरी अन्यका नाममा न्यूनतम भन्दा बढि कबुल भएका क्रमशः बढि कबुल अंक भएका टेण्डर वालाका नाममा स्विकृत भैजानेछ ।

१८.अंक र अक्षरमा फरक पर्न गएमा जुन कबुल अंक बढि हुन्छ त्यसैलाई मान्यता दिईनेछ ।

१९. कुनै पनि शर्त राखेको टेण्डर स्वीकृत हुने छैन र निम्न अनुसारका प्रकृया पुरा नभएका टेण्डर स्वतः अस्वीकृत हुने छन्:-

- टेण्डर फारममा दस्तखत नभएको ।
- टेण्डर फारममा केरमेट भएको वा सच्याईएको ठाउँमा दस्तखत नभएको ।
- नगरिकताको प्रतिलिपी पेश नभएको आन्तिरक राजस्व कार्यालय बाट पान नं. नलिएको र टेण्डर साथ राख्नु पर्ने धरौटी नराखेको वा (बैंकले सम्बन्धित कार्यालय पठाउने दोस्रो प्रति) सक्कल भौचर संलग्न नरहेको ।

२०. टेण्डर फाराम खरिद गरी सक्नु पर्ने अन्तिम मिति **कालपृष्ठ** पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिन भित्र ।

२१. टेण्डर दाखिल गर्नु पर्ने अन्तिम मिति **कालपृष्ठ** पत्रिकामा प्रथम पटक प्रकाशित भएका मितिले १६ औं दिन ।

२२. टेण्डरदाता र प्रतिनिधिको रोहबरमा खोलिने छ र टेण्डरदाता उपस्थित नभएपनि टेण्डर खोल्न बाधा पर्ने छैन ।

२३. टेण्डर खोलीने मिति र स्थान:- **कालपृष्ठ** पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले १७ औदिन ने.ग.उ.म.न.पा.का. कार्यालयमा समय भित्र ।

२४.उक्त दिनहरुमा विदा परे गए सो को भोली पल्ट कार्यालय समय भित्र ।

२५.अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

विष्णु प्रसाद भुसाल
कार्यकारी अधिकृत
(उप-सचिव)